हरिपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हरिपुर, सर्लाही
प्रदेश नं. २, नेपाल
२०७३

आज मिती २०७७ साल असोज महिनाको २० गतेका दिन विहान ७ बजे हरिपुर नगरकार्यपालिकाको वैठक नगर प्रमुख जमिरुदिन मंसुर ज्युको अध्यक्षतामा देहायका पदाधिकारी ज्युहरुको उपस्थितीमा पेश भएका निम्न प्रस्ताव उपर छलफल गरी निर्णय गर्न वैठक वस्यो ।

## उपस्थिती

| क स | पद | नाम थर | दस्तखत |
|---|---|---|---|
| १ | नगर प्रमुख | जमिरुदिन मसुर | |
| २ | नगर उपप्रमुख | रेणुका देवी काफ्ले | |
| ३ | सदस्य(वडा अध्यक्ष वडा नं.१) | कुमार लामा | |
| ४ | सदस्य (वडाअध्यक्ष वडा नं.२) | रिखेश्वर कडरिया | |
| ५ | सदस्य (वडाअध्यक्ष वडा नं.३) | महमद हजरत शेष | |
| ६ | सदस्य (वडा अध्यक्ष वडा नं.४) | गुणेश प्रसाद साह | |
| ७ | सदस्य(वडा अध्यक्ष वडा नं.५) | मंसुर मिया | |
| ८ | सदस्य (वडाअध्यक्ष वडा नं.६) | ईदी मंसुर | |
| ९ | सदस्य(.वडा अध्यक्ष वडा नं.७) | हृदय नारायण पजियार | |
| १० | सदस्य (वडाअध्यक्ष वडा नं.८) | हरि बहादुर थापा | |
| ११ | सदस्य (वडाअध्यक्ष वडा नं.९) | ~~हरिनाथ प्रसाद साह~~ भगलु चौधरी | भगलु |
| १२ | सदस्य (महिला) | परमशिला देवी कानु | |
| १३ | सदस्य (महिला) | मैमुन खातुन | |
| १४ | सदस्य (महिला) | लक्ष्मी देवी | |
| १५ | सदस्य (महिला) | वेद कुमारी वलम्पाकी | |
| १६ | सदस्य (महिला) | सुनैना देवी चौधरी | |
| १७ | सदस्य ( दलित तथा अल्पसंख्यक) | खहेरु कुमर | |
| १८ | सदस्य ( दलित तथा अल्पसंख्यक) | जनक लाल महरा | |
| १९ | सदस्य | रामेश्वर प्रसाद साह | |
| २० | सचिव (.प्रमुख प्रशासकिय अधिकृत) | उदय प्रसाद देवकोटा | |

उदय प्रसाद देवकोटा
प्रमुख प्रशासकिय अधिकृत

हरिपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हरिपुर, सर्लाही
प्रदेश नं. २, नेपाल
२०७३

मिति : २०७७।०६।२०

## छलफलका लागी पेश भएका प्रस्तावहरु

१. स्वयम् शेवक शिक्षकको अनुदान दरवन्दी सीर्जना गरी वितरण गर्ने सम्बन्धमा ।
२. स्वयम सेवक शिक्षक छनौटका आधारहरु सम्वन्धमा ।
३. झिम नदीको शिलवन्दी दरभाउ पत्रको सुचना रद्द गर्ने सम्वन्धमा ।
४. सडक मर्मतको लागि प्रदेश सरकारसँग रकम माग गर्ने सम्वन्धमा ।

### निर्णय नं. १

आजको यस नगरकार्यपालिकाको वैठकको कार्यसुचिमा चढी निर्णयको लागि पेश भएको स्वयम शेवक शिक्षकको अनुदान दरवन्दी सीर्जना गरी वितरण गर्ने सम्वन्धी प्रस्तावमा छलफल गर्दा हरिपुर नगरपालिका अन्तर्गत सञ्चालनमा रहेको सामुदायिक विद्यालयहरुमा स्वयम सेवक शिक्षक परिचालन गर्नुपर्ने भएकोले यस नगरपालिकाको स्वयम् सेवक शिक्षक व्यवस्थापन कार्यविधि-२०७७ को परिच्छेद - २ को वुदा नं. ३ को खण्ड -२ को मापदण्डको आधारमा देहाय बमोजिमको अनुदान दरबन्दी सीर्जना गर्ने र दरवन्दी अनुसार शिक्षक भर्ना गर्न सम्वन्धित विद्यालयलाई दरवन्दी कोटा वितरण गर्ने निर्णय गरियो ।

**तपसिल**

| क्र. स. | विद्यालयको नाम | सीर्जना गरिएको अनुदान दरवन्दी कोटा | | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | प्रा.वि. तह | नि.मा.वि. तह | मा.वि. तह | वा.वि. सहजकर्ता | |
| १ | पाँच कुमार रामऔतार लक्षिया मा.वि. हजारविघा | ० | १ | ४ | ० | |
| २. | जनता मा.वि. हरैया | ० | २ | ३ | ० | |
| ३ | सार्वजनिक मा.वि. लक्ष्मीपुर | २ | ५ | ५ | ० | |
| ४ | मा.वि. फरहदवा | २ | ३ | ५ | ० | |
| ५ | रामलगन मा.वि. पिडारी | २ | १ | ३ | ० | |
| ६. | जनता आ.वि. मजुर्वा | ० | २ | ० | ० | |
| ७ | जनता आ.वि. सखुवा | ० | १ | ० | ० | |
| ८ | महाविर जनता मा.वि. हरिपुर | ० | १ | ० | २ | |
| ९ | ईन्द्रपुर प्रा.वि. ईन्द्रपुर | २ | ० | ० | ० | |
| १० | जनकल्याण प्रा.वि. हरिपुर | १ | ० | ० | ० | |
| | जम्मा | ९ | १६ | २० | २ | |

प्रमुख प्रशासकिय अधिकृत

मिति : २०७७।०६।२०

हरिपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हरिपुर, सर्लाही
प्रदेश नं. २, नेपाल
२०७३

**निर्णय नं. २**

आजको यस नगरकार्यपालिकाको वैठकको कार्यसुचिमा चढी निर्णयको लागि पेश भएको स्वयम सेवक शिक्षक छनौटका आधारहरु सम्वन्धी प्रस्तावमा छलफल गर्दा विद्यालयले स्वयम सेवक शिक्षक छनौट गर्दा देहायका वुदाहरुको परिधि भित्र रही स्वयम सेवक शिक्षक छनौट प्रकृया अवलम्वन गर्नु पर्ने भनी सर्व सहमती वाट निर्णय गरियो ।

१. स्वयंसेवक शिक्षक छनौट गर्न कम्तीमा १५ दिनको म्याद दिई सूचना प्रकाशन गर्नु पर्ने छ ।
२.. योग्यता पुगेका ईच्छुक उम्मेदवारवाट तोकिएको ढाँचामा फारम भरी दरखास्त आव्हान गर्नु पर्नेछ ।
३. स्वयंसेवक शिक्षक नियुक्तिकालागि सम्वन्धित विषय विज्ञहरुबाट प्रश्नपत्र निर्माण उत्तर पुस्तिका परिक्षण गराउनुपर्ने छ ।
४. शिक्षक सेवा आयोगले प्राथमिक, निम्नमाध्यमिक र माध्यमिक तहको खुला प्रतियोगितात्मक परीक्षाका लागि निर्धारण गरेको लिखित परीक्षाको प्रथम पत्र र यस नगरपालिकाको स्वयम सेवक शिक्षक कार्यविधि - २०७७ को अन्तवार्ता सम्वन्धि व्यवस्था वमोजिम स्वयम सेवक शिक्षकको छनौट हुनेछ ।
५. दरखास्त दिने अन्तिम म्याद समाप्त भएपछि दरखास्त स्वीकृत भएका सबै उम्मेदवारको नामावलीको सूची तयार गरी सूचना पाटीमा टाँस गर्नु पर्नेछ ।
६. हरिपुर नगरपालिकाको शिक्षा शाखा संग समन्वय गरि परीक्षा हुने मिति, समय र केन्द्र निर्धारण गर्नुपर्ने छ ।
७. परीक्षाको पूर्णाङ्क र उतीर्णाङ्क देहाय वमोजिम हुनेछ ।
लिखित परीक्षाको पूर्णाङ्क - १०० र उतीर्णाङ्क - ४०
अन्तवार्ताको पूर्णाङ्क - ८०
कक्षा अवलोकन - २०
अन्तवार्ता र कक्षा अवलोकनको उतीर्णाङ्क ४० प्रतिशतको हुनेछ ।
८. स्वयंसेवक शिक्षकको शैक्षिक योग्यता तथा तालिम सम्बन्धि व्यवस्था : नियम ३ बमोजिम सृजना भएका दरबन्दीमा नियुक्त हुने स्वयंसेवक शिक्षकको योग्यता तथा तालिम देहाय बमोजिम हुनेछ :

**(८.१) प्राथमिक तह :**

क) मान्यता प्राप्त शिक्षण संस्थावाट प्रवीणता प्रमाणपत्र तह वा सो सरहको परीक्षा उत्तीर्ण गरेको,
ख) शिक्षा विषयमा कम्तीमा १० महिने तालिम प्राप्त गरेको वा शिक्षा शास्त्रमा प्रवीणता प्रमाण पत्र तह वा सो सरहको परीक्षामा २०० पूर्णाङ्कको शिक्षा विषय लिई उत्तीर्ण गरेको ।
ग) नेपाली नागरिकता प्राप्त गरेको,

**(८.२) निम्न माध्यमिक तह :**

क) मान्यता प्राप्त शिक्षण संस्थावाट परीक्षा दिने विषयमा प्रवीणता प्रमाणपत्र तह वा सो सरहको परीक्षा उत्तीर्ण गरेको,
ख) सामाजिक अध्ययन विषयको हकमा प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरेको,
ग) गणित-विज्ञान विषयको हकमा गणित र विज्ञान दुबै विषयहरु लिई प्रमाणपत्र तह वा सो सरहको परीक्षा उत्तीर्ण गरेको,
घ) शिक्षा विषयमा कम्तिमा १० महिने तालिम पूरा गरेको वा शिक्षा शास्त्रमा प्रवीणता प्रमाणपत्र तह वा सो सरहको परीक्षामा २०० पूर्णाङ्कको शिक्षा विषय लिई उत्तीर्ण गरेको ।
ङ) नेपाली नागरिकता प्राप्त गरेको ।

**(८.३) माध्यमिक तह :**

हरिपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हरिपुर, सर्लाही
प्रदेश नं. २, नेपाल
२०७३

मिति : २०७७।०६।२०

क) मान्यता प्राप्त शिक्षण संस्थावाट परीक्षा दिने विषयमा स्नातक तह वा सो सरहको परीक्षा उत्तीर्ण गरेको,
ख) सम्वन्धित विषयको हकमा सोही विषयमा स्नातक तह वा सो सरह उत्तीर्ण गरेको,
ग) स्वास्थ्य शिक्षा, जनसंख्या शिक्षा, स्वास्थ्य जनसंख्या र वातावरण शिक्षा तथा स्वास्थ्य र शारीरिक शिक्षा विषयका लागि स्वास्थ्य शिक्षा, जनसंख्या शिक्षा, स्वास्थ्य जनसंख्या र वातावरण शिक्षा तथा स्वास्थ्य र शारीरिक शिक्षा विषयमध्ये कुनै एक मूल विषय लिई स्नातक तह वा सो सरह उत्तीर्ण गरेको,
घ) शिक्षा विषयमा कम्तिमा १० महिने तालिम लिएको वा शिक्षा शास्त्रमा कम्तिमा स्नातक तह उत्तीर्ण गरेको ।
ङ) नेपाली नागरिकता प्राप्त गरेको,

**९. स्वयम सेवक शिक्षक पदकोलागि आवश्यक योग्यता**

(क) नेपाली नागरिक,
(ख) १८ वर्ष उमेर पुरा गरी ४० वर्ष ननाघेको,
तर सामुदायिक विद्यालयमा कार्यरत शिक्षकहरुका लागि उमेरको हद लाग्ने छैन,
(ग) मानसिक सन्तुलन ठिक भएको,
(ङ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसूरदार नठहरिएको, भविष्यमा सरकारी नोकरी वा शिक्षक सेवाको लागि अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त नगरिएको,

**१०. अन्तवार्ता सम्वन्धि व्यवस्था**

(१०.१) नियम १३ बमोजिम प्रकाशित सूचनामा उल्लेखित उम्मेदवारको अन्तर्वार्ता लिनको लागि छनौट समितिको संयोजकको अध्यक्षतामा अन्तरवार्ता समिति गठन गर्ने र आवश्यक परेमा समितिको कुनै सदस्यको संयोजकत्वमा तीन सदस्यीय अन्तरवार्ता उपसमिति गठन गर्न सक्नेछ ।

**अन्तर्वार्ताको लागि छुट्याइएको ८० अङ्क देहाय बमोजिम दिइनेछः**

**क) भौगोलिक क्षेत्र :- २० अंक -** अन्तवार्ता परिक्षाको लागि प्रदेश नं. २ को स्थायी वासिन्दा भएको उम्मेदवारलाई १० अंक, सर्लाही जिल्लाको स्थायी वासी भएको उम्मेदवारलाई १६ अंक र हरिपुर नगरपालिका क्षेत्रको स्थायी वासिन्दा भए २० अंक प्रदान गरिनेछ ।

**ख) शैक्षिक योग्यता :- ३० अंक -** सेवा प्रवेशको लागि तोकिएको शैक्षिक योग्यताको प्रथम श्रेणीको भए २०, द्वितिय १५ र तृतिय १० अंक प्रदान गरिनेछ ।
माथिल्लो शैक्षिक योग्यताको प्रथम श्रेणीको भए १०, द्वितिय श्रेणीको भए ८ र तृतिय श्रेणीको भए ६ अंक प्रदान गरिने छ । (कुनै उम्मेदवारको माथिल्लो शैक्षिक योग्यता एक भन्दा वढी भएमा उम्मेदवारले चाहेको तहको शैक्षिक योग्यता पेश गर्न सक्नेछ । )

**ग) अनुभव :- १० अंक** ( सामुदायिक विद्यालयमा अध्यापन गरेका उम्मेदवारहरुलाई प्रतिबर्ष २ अंकको दरले वढीमा १० अंक प्रदान गरिनेछ )

**घ) अन्तवार्ता :-** २० अंक ( ७० प्रतिशत भन्दा वढी र ४० प्रतिशत भन्दा कम दिनुपरेमा प्रतिवेदन पेश गर्नुपर्ने छ ।)

**ङ) कक्षा अब्लोकन :-** २० अंक : लिखित परीक्षामा सामेल भएका उम्मेदवारहरु मध्ये लिखित परीक्षा उतीर्ण गरेको उम्मेदवारको हकमा कक्षा अवलोकन गरिनेछ , कक्षा अवलोकनका लागि विषय वस्तुको ज्ञान भएको - ५ अंक, सिकाई सहजिकरण शैली - ५ अंक, शिक्षण सामाग्रीको प्रयोग - ५ अंक र मूल्याङ्कन सीप - ५ अंकको हुनेछ ।

**११. योग्यताक्रम प्रकाशित गर्ने :**

(१) लिखित र प्रयोगात्मक परीक्षा लिएको भए सो परीक्षामा सफल भएका उम्मेदवारले अन्तरवार्तामा प्राप्त गरेको अङ्क जोडी सबै परीक्षाबाट सफल भएका उम्मेदवारको नाम नियुक्तिको लागि सिफारिस सहित योग्यताक्रम प्रकाशित गर्नु पर्नेछ । त्यसरी सिफारिस गर्दा उपलब्ध भएसम्म रिक्त पद संख्याको दश प्रतिशतले हुने संख्या उम्मेदवारको नाम वैकल्पिक सूचीमा राख्नु पर्नेछ

हरिपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हरिपुर, सर्लाही
प्रदेश नं. २, नेपाल
२०७३

मिति : २०७७०६।२०

(२) एक भन्दा बढी तहमा सफल हुने उम्मेदवारलाई माथिल्लो तहको लागि मात्र सिफारिस गरिनेछ ।

**१२.** सफल उम्मेदवारलाई नतिजा प्रकाशन भएको मितिले ७ दिन भित्र नियूक्ति दिनुपर्ने छ ।

**१३. निर्वाह खर्च :** स्वयम सेवक शिक्षकको मासिक निर्वाह खर्च देहाय वमोजिमको हुनेछ ।

क) मा.वि. तह - २५,०००।- प्रति महिना

ख) नि.मा.वि. तह - २०,०००।- प्रति महिना

ग) प्रा.वि. तह - १५,०००।- प्रति महिना

घ) वाल विकास सहजकर्ता - ६,०००।- प्रति महिना

## निर्णय नं. ३

आजको यस नगरकार्यपालिकाको वैठकको कार्यसुचिमा चढी निर्णयको लागि पेश भएको झिम नदीको शिलवन्दी दरभाउ पत्रको सुचना रद्द गर्ने सम्वन्धी प्रस्तावमा छलफल गर्दा यस नगरपालिकाको क्षेत्राधिकार भित्र पर्ने झिम नदीको EIA समेत नभएको हुँदा झिमनदीको मात्र सुचना बदर गरी नगरपालिकाको विकास निर्माणमा प्रयोग हुने नदीजन्य पदार्थको रोयल्टी योजनाको रकम भुक्तानी गर्दा प्राविधिकको मुल्यांकनको आधारमा प्रति सेफ्टी रु. ४।५० (चार रुपैया पचास पैत्रा मात्र) कट्टा गरी आन्तरिक राजश्व खातामा जम्मा गर्ने निर्णय गरियो ।

## निर्णय नं. ४

आजको यस नगरकार्यपालिकाको वैठकको कार्यसुचिमा चढी निर्णयको लागि पेश भएको सडक मर्मतको लागि प्रदेश सरकारसँग रकम माग गर्ने सम्वन्धी प्रस्तावमा छलफल गर्दा यस नगरपालिकाको वार्ड नं. १ सम्राट कार्कीको घर देखि दक्षिण लक्ष्मी गोलेको घर हुँदै डाँडाटोल जाने सडक स्तरोन्नती तथा ग्राभेल मर्मत सम्भारको लागि प्रदेश सरकारसँग रकम माग गर्ने निर्णय गरियो ।



प्रमुख प्रशासकिय अधिकृत